# राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रस्तावहरू

**राष्ट्रियः**

(१) नेकपा (माले)को यो ऐतिहाँसिक सातौं राष्ट्रिय महाधिवेशन भव्य सभ्य एवम् उत्साहकासाथ सम्पन्न भएको गौरवताका साथ घोषणा गर्दछौं ।

(२) यो महाधिवेशन राष्ट्रिय स्वाधीनता एवम् वर्गीय मुक्ति सङ्घर्षका क्रममा उच्च सहादत तथा वीरगति प्राप्त गर्नुभएका सम्पूर्ण ज्ञातअज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछ र उहाँहरूको उद्देश्यलाई साकार पार्न दृढ संकल्प गर्दछ ।

(३) यो महाधिवेशन २०७२ साल बैशाख १२ को विनाशकारी भूकम्प र त्यसका परकम्पनद्वारा घरबारविहीन भई जाडोमा कठांग्रिएर र वर्षायाममा घरबिहीन भएर बस्नु पर्ने अमानवीय परिस्थितिलाई अन्त्य गर्न सुरु भइसकेको पुनर्निर्माणलाई द्रुतगतिले अघि बढाउँदै नागरिकहरूको जीउ धनको सुरक्षा गर्न नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।

(४) यो महाधिवेशन नेपालको ब्यापार र पारवहनको विविधीकरण गर्नको निम्ति छिमेकी देश भारत र चीनसंग आजसम्म भैसकेका संझौताहरुलाई अविलम्ब लागू गर्न र आवश्यक नयाँ संझौता समेत अविलम्ब गर्नको निम्ति सरकारको ध्यानाकर्षण गर्दछौं ।

(५) यो महाधिवेशन दल सम्बन्धी ऐन निर्माण गर्दा :– (१) समानुपातिक समावेशी नभए दर्ता नै खारेज हुने प्रावधान नराखी संविधानको भावना अनुसार पार्टीले **अधिकतम्** समावेशी बनाउने प्रावधान राख्ने र (२) पार्टीहरूलाई अनुदान दिने आधार प्रत्यक्ष उमेद्वारद्वारा प्राप्त गरेको मतलाई बनाउने गलत ब्यवस्थालाई हटाई समानुपातिक निर्वाचनद्वारा पार्टीले पाएको मतलाई आधार बनाउने ब्यवस्था नेपाल सरकारले गरोस् भनी जोडदार माग गर्दछ ।

(६) यो महाधिवेशन कालाबजारी, महङ्गी, चक्रप्रणाली, कार्टेलिङ आदिको नियन्त्रण र विभिन्न क्षेत्रमा देखिएको अनियमिततालाई रोक्न नेपाल सरकारले तत्काल ठोस कदम चालोस् भन्ने जोडादार माग गर्दछ ।

(७) देशमा चलिरहेका उद्योगधन्दाहरूलाई प्रोत्साहित गर्दै स्वदेशमै रोजगारीको ब्यवस्था मिलाई युवा जनशक्तिलाई स्वरोजगार र देश निर्माणको काममा लगाउन यो महाधिवेशन नेपाल सरकारसंग माग गर्दछ ।

(८) यो महाधिवेशन सुख्खाग्रस्त क्षेत्रका जनताहरूलाई खानेपानीको उपयुक्त ब्यवस्था गर्न र खानेपानीको अभावकै कारणले बसाई सर्ने बाध्यकारी स्थितिको अन्त्य गरी जनताका समस्यालाई पूर्णरुपमा समाधान गर्न अविलम्ब सुख्खाक्षेत्र खानेपानी-ट्यांकर आपूर्तिका योजना सञ्चालन गर्न नेपाल सरकारसंग माग गर्दछ ।

(९) यो महाधिवेशन सुकुम्वासी, भूमिहीन किसानहरूका लागि आवास र रोजगारी एवम् कृषियोग्य जमिनको ब्यवस्था गरी सुकुम्वासी समस्यालाई तत्काल समाधान गर्न नेपाल सरकारसमक्ष माग गर्दछ ।

(१०) यो महाधिवेशन नेपाल कृषि प्रधान राष्ट्र भएकोले कृषि पैदावार वस्तुको उत्पादनमा जोड दिई कृषि फसल बढाउन योजनाबद्ध गुरु योजना पारित गर्न र किसानलाई समयमा नै मल, विउ एवम् कृषि उपकरणहरू सुलभ मूल्यमा उपलब्ध गराउन र कृषि बजारको ब्यवस्था गर्न नेपाल सरकारसंग जोडदार माग गर्दछ ।

(११) देशले अपनाउँदै आएको र अपनाउनै पर्ने तटस्थता र असंलग्नताको नीति अनुरुप प्रदेशहरूको विकास र राष्ट्रको सुरक्षालाई केन्द्रमा राखी छिमेकी देश भारत र चीनका सीमाना छुने गरी समावेशी प्रदेशको गठन र पाँच विकास क्षेत्रलाई नै पाँच सङ्घीय प्रदेशमा रुपान्तरित गर्ने कार्य गरोस् भनी सरकार र आन्दोलनकारी दलहरुको ध्यानाकर्षण गर्दछ ।

(१२) यो महाधिवेशन विद्यमान अवस्थामा कामका दौरान भएका कमजोरीहरूलाई हटाउँदै वर्तमान राजनीतिक गठबन्धनलाई सुदृढ गर्न र प्रतिपक्षको जिम्मेवार भूमिकालाई कदर गर्न नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।

(१३) जातीय समानता र समावेशीकरणलाई पूर्णता दिने महत्वपूर्ण आधार र राष्ट्रिय सुरक्षासंग पनि संम्बन्धित विषय रहेको जातीय पहिचान, संविधानद्वारा संस्थागत गर्ने प्रकृया सुरु गर ।

(१४) वर्तमान सरकार कालिगण्डकी राम्दी-तिनाउ खोला डाइभर्सन परियोजनाको पक्षमा छ । प्रस्तावित परियोजनागत क्षेत्रको यो अवस्था अत्यन्त संवेदनशील र सिंचाई गर्ने भनिएको स्थान रुपन्देही, नवलपरासी र कपिलबस्तुका राजमार्गमाथिका भाग र विशेषगरी कपिलवस्तुको सिंचाई गर्न बाँकी रहेको जितपुर अनि नवलपरासीको वर्दघाटको भूभाग सिंचाई गर्न संभव छैन । लागतका दृष्टिकोणले पनि उत्पादक नरहेको सर्वविदितै छ । यो केवल गण्डकको भैषालोटन बाँधबाट सिंचाईहुन बाँकी रहेको भारतीय भूभागहरु महाराजगञ्ज र गोरखपुरलाई योजना हो । संगै जोडिएको राम्दी र त्यस क्षेत्र तल बसोवास गर्ने बासिन्दा त्यहाँको उब्जनी र धार्मिक पर्यटनको संभावनालाई नजरअन्दाज गरी अघि बढाईएको छ । तसर्थ यस्तो कार्य तत्काल बन्द गर्न यो महाधिवेशन सरकार संग जोडदार माग दर्गछ ।

(१५) देशभित्रका सबै पौराणिक, धार्मिक, सांस्कृतिक पर्यटकीय महत्वका स्थानलाई र तिनको भौतिक एवम् ऐतिहाँसिकतालाई बढाउन र जोगाउन, अनि त्यसको समुचित प्रयोग गरी स्थानीय तहमा पर्यटनमा जोड दिने स्थानीय रोजगारी सृजना र स्वावलम्वनलाई अघि बढाउन सरकार संग यो महाधिवेशन जोडदार माग गर्दछ ।
(१६) बुटवल र चितवनको भरतपुर चितवन जोड्ने स्यांजा जिल्लाको गल्याङदेखि तनहूँको देवघाटसम्म एकदेव लोकमार्ग कायम गरी करिब २५० किमी हुनजाने उक्त बाटोलाई एकदेव लोकमार्ग नामाकरण गरी आवश्यक बजेट विनियोजन गर्न यो महाधिवेशन सरकारसंग जोडदार माग गर्दछ ।
(१७) देशका विभिन्न क्षेत्रमा भइरहेको वन विनाश र आगजनीलाई सुनियोजित ढंगले नियन्त्रण र रोकथाम गर्न सरकार संग माग गर्दछ ।
(१८) चुरे क्षेत्रको विनाशबाट मधेशी भूभागमा भइरहेको मरभूमिकरणलाई रोक्न चुरे क्षेत्र संरक्षणको व्यवस्थित योजना वनाउन सरकार संग जोडदार माग गर्दछ ।
(१९) **शोक प्रस्तावः** नेकपा (माले) पर्सा जिल्ला कमिटी सदस्य क.मनोजकुमार साह (कानु)को २०७३ वैशाख २ गतेका दिन उच्च रक्तचाप एवम् मधुमेह रोगका कारण ३५ वर्षको अल्पायुमा असामयिक निधन भएको हुँदा उहाँ प्रति श्रद्धाञ्जली ब्यक्त गर्दै शोक सन्तप्त परिवारजन प्रति यो महाधिवेशन समवेदना ब्यक्त गर्दछ ।

**अन्तराष्ट्रिय**

(१) प्रजातान्त्रिक जनगणतन्त्र कोरियामाथि लगाइएका अन्तराष्ट्रिय नाकाबन्दीहरू खारेज गरिनु पर्दछ । प्र.ज.कोरिया र संयुक्त राज्य अमेरिकाबीच युद्ध-विराम संझौताको सट्टा शान्ति-मैत्री सम्झौता कायम गर्न र कोरियाली प्रायद्धिपमा विद्यमान तनावको अन्त्य गर्दै शान्ति र स्थिरता कायम गर्न सम्बन्धित पक्षबीच वहूपक्षीय वार्ताको यो महाधिवेशन माग गर्दछ ।
(२) दक्षिण चीन सागर क्षेत्रका द्धिपहरूमा इतिहास र प्रमाणका आधारमा सम्बन्धित मुलुकहरूको सार्वभौमिकतालाई सम्मान गर्दै त्यस क्षेत्रमा विद्यमान तनावको अन्त्य गर्न सम्बन्धित पक्षहरूसंग जोडदार माग गर्दछ ।
(३) यो महाधिवेशन दुई कोरिया बीच भइरहेको एकता प्रयासलाई सार्थक बनाई शान्तिपूर्ण ढङ्गले एकीकृत कोरिया निर्माण प्रयासको समर्थन गर्दछ ।